# नगर कार्यपालिकाको ४२ औं बैठकका निर्णयहरु

## (२०७७ असार ०८ गते)

निर्णय:

१ आर्थिक वर्ष २०७७/७८ को बजेट, नीति तथा कार्यक्रम पारित गरी छैटौ नगरसभामा लैजाने निर्णय गरियो ।

२ मालपोत कार्यालय चितवनको मिति २०७७/२/३० गतेको घर-जग्गा मूल्यांकन सम्बन्धी विषय बैठकमा जानकारी गराइयो। उक्त अनुसार आ-आफ्नो वडाको मूल्याङ्कन सम्बन्धमा राय उपलब्ध गराउने निर्णय गरियो ।

३ जिल्ला समन्वय समिति, चितवनका प्रमुखको आवास गृह निर्माण कार्य अगाडि बढाउने निर्णय गरियो ।

४ भूमिहीन र अव्यवस्थित बसोबासीहरुको विवरण संकलन गराउने सम्बन्धी सुकुम्बासी समस्या समाधान आयोगको पत्र बैठकमा जानकारी गराइयो । उक्त बमोजिमको विवरण असार १५ भित्रमा वडाहरु मार्फत् महानगरपालिकामा पठाउने निर्णय गरियो ।

५ चालु आर्थिक बर्षका योजना सम्झौताको म्याद कोभिड १९ ले पारेको प्रभावका कारण मिति २०७७ असार १५ गते सम्म कायम गर्ने र यसपूर्व गरिएका निर्णयहरूको समर्थन गर्ने निर्णय गरियो । साथै उपभोक्ता समिति, परामर्श सेवा र अन्य योजना र गत आवका योजनाको भुक्तानि २०७६ साल फल्गुण ७ सम्म रहेकोमा ति योजनाको म्याद २०७७ साल असार २५ सम्म थप गर्ने निर्णय गरियो ।

६ स्थानीय पाठ्यक्रम 'हाम्रो गौरव, हाम्रो भरतपुर' शैक्षिक सत्र २०७७ देखि कक्षा १ मा लागू गर्ने निर्णय गरियो ।

७ भरतपुर महानगरपालिका वडा नं १६ निवासी श्री शिवकुमार लामाको नाममा दर्ता रहेको साविक मंगलपुर गा.वि.स. वाडा नं ७/ख कि.नं ५८ क्षेत्रफल ०-८-१-० भएको जग्गा कृषि क्षेत्र घोषणा सम्बन्धमा ६ मिटर भन्दा चौडा सडक भएको सडकको ५० मिटर दायाँ बाँया क्षेत्रलाई व्यापारिक क्षेत्र मानी अरु सबै कृषि क्षेत्र निर्धारण गर्ने निर्णय गरियो।

८ महानगरपालिका अन्तर्गतका सम्पूर्ण स्वास्थ्य कर्मचारी तथा सरसफाई कर्मचारीहरुलाई कोरोना बीमाको व्यवस्था गर्ने निर्णय गरियो ।

९ महानगरपालिकाका कर्मचारी, स्वास्थ्यकर्मी तथा जनप्रतिनिधिहरुलाई कोरोना पोजिटिभ देखिएमा आइसोलेशन तथा क्वारेन्टाइनमा राख्ने व्यवस्था गर्न उपयुक्त स्थान तय गरी कार्य गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

१० नगर प्रहरी तथा दमकल शाखामा कार्यरत कर्मचारीहरुलाई अन्य कर्मचारीहरुले पाउने सरह खाजा भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

११ महानगरपालिका वडा नम्बर ४ का सदस्य श्री प्रेमप्रसाद पाठकको उपचारका लागि भएको खर्च बापत रु. १ लाख ५० हजार उहाँको परिवारलाई राहतस्वरूप प्रदान गर्ने निर्णय गरियो ।

१२ महानगरपालिकाको कोरोना कोषमा शिक्षकहरुका तर्फबाट सहयोगस्वरुप निजामती कर्मचारी सरह नै सहयोग रकम जम्मा गर्ने निर्णय गरियो ।

१३ भरतपुर महानगरपालिका वडा नम्बर १० मा रहेको मदन आश्रीत स्मृति भवन एवं शहीद स्मृती भवन मर्मत तथा सम्भार गर्न क्रमश :११ लाख एंव ९ लाख तथा वडा नं ३ स्थित वी. पी. स्मृती भवन मर्मत तथा सम्भार कार्य गर्न रु २० लाख प्रदान गर्ने निर्णय गरियो।

१४ आ.व. २०७५।०७६ मा कार्यदेश भइ मिति २०७६ फाल्गुण ७ गते सम्म विशेष कारणवाट सम्पन्न हुन नसकेका तपशिलमा उल्लेखित तीन योजनाको जम्मा रकम रु रु ९५ लाख ८३ हजार ७ सय ८८ मात्र भुक्तानी दिन बाँकी शिर्षकमा विनियोजन भएको बजेट बाट भुक्तानी गर्ने निर्णय गरियो।

तपशिल

१ विकासचोक ढल तथा पीच पुर्ननिर्माण उपभोक्ता समिति रु ५२ लाख १६ हजार ५ सय ८० मात्र

२ जगन्नाथ चोक पीच उपभोक्ता समिति रु ५ लाख ३९ हजार १ सय ४३ मात्र

३ छमुखेचोक देखि शुभकामनाचोक सम्म सडक पीच उपभोक्ता समिति रु ३८ लाख २८ हजार ६५ रुपैया मात्र

१५ नगर उप –प्रमुखज्यूको नीजि आबास मर्मत गर्नको लागि रु ३ लाख ६५ हजार प्रदान गर्ने निर्णय गरियो।

१६ भरतपुर महानगरपालिका वडा नम्वर ५ को कार्यालय भवन निर्माण सम्वन्धमा महानगरको नाममा १ कठ्ठा १६ धुर जग्गा भएको र थप जग्गा खरिद गर्न वर्तमान चलनचल्तिको मूल्य र मालपोतको मूल्याङ्कनमा भएको अन्तर समेतले सम्भव नभएकोले भवन मापदण्ड कुनै कुनै भागमा नपुग भएको भएता पनि वडाको माग र उपलब्ध जग्गाको आधारमा नक्शा शाखाबाट पेश भएको नक्शा पास गरी निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो ।

१७ महानगरका कर्मचारीको वृत्ति विकास सम्वन्धमा पेश भएको विधेयकका सम्बन्धमा यसलाई संघिय र प्रदेश ऐन संग मिलाइ पेश गर्ने निर्णय गरियो ।

२०७६/३/१२

Scanned with CamScanner